संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

मुलुकी

खबर

राष्ट्रिय दैनिक

माझखर्क

साप्ताहिकको सह-प्रकाशन

■ बर्ष-१५, ▶▶ अंक ३५७ ▶▶ असार ३१ विहिबार,२०७८, July–15 Thursday 2021, यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▶▶ मूल्य रु. ५/- www.majhkharka.com

Regd. No.: 1128 ... 435 ...
...edia
udio Re...

समाजसेवा,पत्रकारितादेखि गायनसम्म

उदयपुर जिल्लाको सदरमुकाम गाईघाटमा रहेका महिला फुटबल खेलाडीहरु। बाँयाबाट क्रमश- दिपा आले मगर, प्राङछा तामाङ, प्रिति राई, यशु तामाङ, यशुका राई, भावना थापा, सिता तामाङ, सबिता, सुनिता राई, मेलिना राई, बिति, बेद कुमारी राई, युनिका राई, पुर्णिमा बिक, दुर्गा मगर, जेनिशा । तस्बिर - बुद्धि कुमार राई

बेलका नगरपालिकाको बजेट फेल

❖ बुद्धि कुमार राई

बेलका, असार ३०

बेलका नगरपालिकाले आज गरेको बजेट सार्बजनिकिकरण कार्यक्रमलाई असहमती जनाउदै बिग्यप्ती जारी गरेका छन् । बेलका स्थित नेपाली कांग्रेस, नेकपा (माओवादी केन्द्र), जनता समाजबादी पार्टी नेपाल, राप्रपा नेपाल, नेकपाले विज्ञप्तीमा संयुक्त हस्ताक्षरसहित असहमति जनाएका हुन् ।

स्थानीय बजेट जनता लक्षित भन्दा आत्मकेन्द्रित र कार्यकर्ता मुखी भएको टिप्पणीसहित उनीहरुले राजनीतिक दलहरुको सल्लाह, सुझाव विनै एकल ढंगले बजेट ल्याएको जनाएका छ्न । कार्यक्रमहरु बढी एनजीओमुखी बनाइ जनतालाई भ्रमित पार्ने काम गरेको, किसान, मजदुर, आदिबासी जनजाति, महिला, दलित, अल्पसंख्यक, सिमान्तकृत समुदायलाई सम्बोधन नगरिएको, कोभिड १९ प्रति प्रभावकारी सम्बोधन नभएको आरोप लगाएका छन् ।त्यसैगरी वडाहरुलाई नाममात्रको बजेट छुट्याको, स्थानीय जनतासंग सहकार्य नगरी एकल रुपमा फोहोर ब्यवस्थापन केन्द्र स्थापनाको नाममा स्थानीय नगर सरकारले बेलका ९ सिमलटार क्षेत्रका स्थानीय गाउँलेहरुलाई दुःख दिएको आरोप लगाएका छन् ।

जनता उठीबास लगाउने कबुलित जग्गाको सन्दर्भमा नगरपालिका एकल ढंगले प्रस्तुत भएको, जग्गाको लालपूर्जा दिने भन्दै सोझा सिधा जनतालाई ढाटेको र नगरपालिकालाई कार्यकर्ता भर्तिकेन्द्र पारेको टिप्पणी गर्दै असहमती जनाएका छन् ।

जन्मोत्सवमा स्वास्थ्य सामाग्री सहयोग

❖ मनिता कुमारी राई

बेलटार, असार ३०

चौदण्डीगढीका स्थानीय एक समाजसेवी युवाले आफ्नो जन्मोत्सवको अवसरमा कोभिड अस्पताललाई स्वास्थ्य सामग्री सहयोग गरेका छन् ।

६ नं. वडा बेल्टार पुष्पलाल चोकका स्थानीय युवा समाजसेवी ज्ञानेन्द्र प्रधानले सातधारे स्थित कोभिड अस्पताल र त्यहाँ उपचाररत विरामीलाई विभिन्न स्वास्थ्य सामग्रीसँगै फलफुलसमेत आज (बुधबार) वितरण गरेका हुन् ।

समाजसेवी प्रधानले २५ लिटर सेनीटाइजर, १ थान स्प्रे मेशिन, २० किलो फलफूल, ५सय प्रति मास्क, ५ सय जोर पञ्जा, ५ सय थान भिटामिन 'सी' र ५ सय थान सेनेटरी प्याड नगर प्रमुखखगेन्द्र राईलाई हस्तान्तरण गरिएको अर्का स्थानीय युवा समाजसेवी सुनिल राउत 'दिपक'ले जानकारी दिए ।

यातायात व्यवासायीसमेत रहेका प्रधान नेपाली कांग्रेस निकट युवा उद्यमशिलता विकास तथा प्रशिक्षण समन्वनय समितिको केन्द्रीय सदस्यमा भर्खरैमात्र मनोनित भएका छन् ।यद्यपी उनले आफ्नो जन्मोत्सवमा उमेर नखुलाए पनि सालिन र भद्र स्वाभावका समाजसेवी प्रधान विभिन्न सामाजिक क्षत्रमा सक्रिय रहन्दै आएका छन् ।

उक्त कार्यक्रममा स्थानीय समाजसेवी युवाहरू शुनिल राउत (दिपक) चौदण्विडीगढी उद्योग वाणिज्य संघका सचिव तेजनारायण साह, नेविसंघका सभापति विवस राई, सचिव विशाल गेलाल त्यस्तै बुद्दहाङ राई, प्रेम बस्नेत लगायतको उपस्थिती रहेको थियो

भिमरैता हस्पिटलको सेवा

गाईघाट, उदयपुर

हस्पिटल प्रमुख डाक्टर निर्मला चौधरीको कमाण्डमा २४ सै घण्टा सेवा दिईनेछ ।

स्थान. गाईघाट असारी रोड । सर्म्पक.९८१६७४५६१७

हाम्रा सेवाहरु-
१, डा. निर्मला चौधरी (MBBS)
२, डा.राम नारायण चौधरी(बालरोग बिशेषज्ञ)
३, डा.मनोज चौधरी(छाला रोग बिशेषज्ञ)
४, डा. सरोजकुमार साह(हार्डजोर्नी तथा नशा रोग बिशेषज्ञ)
५, डा. साधना साह (स्त्री रोग बिशेषज्ञ)
६, डा. रबिन्द्र चौधरी (वरिष्ठ फिजिसियन
७, डा. बलेश्वर यादब(नाँक,कान,घाँटी रोग बिशेषज्ञ)
८, डा. सुवास कुमार चौधरी (युरो सर्जन)

Bhimraita Trauma & Maternity Hospital Pvt.Ltd.
भिमरैता हाडजोर्नी नशा तथा प्रसुती अस्पताल प्रा.लि.

सम्पादकिय

निरिह नगरपालिका

अहिले पछिल्लो समय उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजारको चर्चामा आएको बिषय हो सडकपेटी । सडकपेटीमा पैदल यात्रुले सहज रुपमा हिड्न पाउनुपर्छ। जब कि सडकमा सवारी साधन र पैदलयात्रु हिड्ने बेग्लाबेग्लै स्थान तोकिने भएर नै सडकपेटीको ब्यवस्था गरिएको हो । गाईघाट बजारमा असार १२ गतेपछिदेखि सडकपेटी खुल्ला गरिएको छ। छिटफुट बाहेक सडकपेटी खुल्ला छ।

गाईघाट बजारको सडकपेटीमा सामान राख्न दिने दोषि पछिल्लो समय घरपेटी पनि देखिएको छ। आफ्नो पसल अगाडी फुटपाथ राख्न दिएर सडकपेटीलाई अस्तब्यस्त बनाउनमा सघाउने घरपेटी पनि भएको अनुसन्धानले देखाएको छ। नीति नियमलाई कार्यन्वयन गर्न नसक्ने त्रियुगा नगरपालिकाको कार्यालय प्रमुख किन निरिह देखिएको छ ? प्रश्न यहाँ उब्जिएको छ। कानुन नमान्ने, नीति नियम नमान्ने जो कोही पनि कारबाहीको भागेदारी बन्नुपर्छ। नीति नियम नमान्ने या नीति नियम लागु गर्ने जिम्मेवारी लिएर बसेका जनप्रतिनिधि र कर्मचारी पनि अब प्रष्ट भएर काम गर्नुपर्दछ । त्रियुगा नगरपालिकाको नगर प्रहरी अहिले कार्यकारी अधिकृतको आदेश पर्खेर बसेका छन् । नगरपालिका सँग अहिले १२ जना नगरप्रहरी हाकिमको आदेश पाउने हो भने सडकपेटीमा राखेको जो कोहीको सामान जफत गर्न तयारी रहेको बताउँछन्। तर हाकिम सापले किन आदेश दिनुहुन्न भनेर प्रश्न गर्दछन्। आदेश पाउने हो भने हामी सडकपेटी क्लिनसिट गर्दछौ ।

आफ्नो पसल अगाडी फुटपाथ राख्न दिने घरवाला र पसलवाला पनि अब कारबाहीको दायरा आउनुपर्दछ । आफुले ब्यापार गर्न भनि हजारौ भाडा तिरेर किन आफ्नो पसल अगाडी अन्य फुटपाथ पसल राख्नुदिएको ? घरवालाहरु अब सार्बजनिक पैदलयात्रु हिड्ने पैदलयात्रुको अधिकार खोस्ने ब्याक्तिको रुपमा लिइन्छ । उनीहरुले यदि आफ्नो पसल, घर अगाडी फुटपाठ राख्न नदिने हो भने आज गाईघाटको सडकपेटी सफा, सुन्दर र स्वच्छ हुने थियो । सडकपेटीमा सामान राखेर अटेरी गर्ने ब्यापारीहरुलाई अब भने अन्तिम कारबाही गर्न जरुरी छ । उनीहरुलाई गरिएको अनुरोध नमानेपछि अब नगरपालिका अन्तिम कारबाही स्वरुप सामान उठाउन बाध्य भएको छ ।

१,	आलु	रु ४०
२,	अदुवा	रु १६०
३,	टमाटर	रु ७०
४,	बन्दा	रु ७०
५,	भेन्टा	रु ८०
६,	खुर्सानी	रु २००
७,	मुला	रु ४०
८,	पर्बल	रु १००
९,	तितेकरेला	रु ६०
१०,	भिन्डी	रु ८०
११,	च्याउ	रु २४०
१२,	फुलकोबी	रु १६०
१३,	फर्सि	रु ७०
१४,	कटहर	रु ४०
१५,	काका	रु ८०
१६,	धनियाँ	रु ८०
१७,	लोकलबोडि	रु ८०
१८,	खर्बुजा	रु ४०
१९,	रायो साग	रु १००
२०,	लट्टे साग	रु ६०
२१,	प्याज	रु ७५
२२,	निगुरो	रु २५
२३,	दुध	रु ७०
२४,	दहि	रु ९०
२५,	महि	रु ५०
२६,	घिउ	रु ७००
२७,	रागाको मासु	रु ४००
२८,	बंगुरको मासु	रु ४००
२९,	खसिको मासु	रु १०००

समाजसेवामा लागेका मोतिराज सुनुवार

❖ **बेद कुमारी राई**

सुनसरी जिल्लाको धरानमा रहेको स्वर्गिय पिता मानबहादुर सुनुवार र माता रनमाया सुनुवारको ४ छोरा मध्य उनी कान्छो छोरा हुन।उनको जन्म २०१८ साल पोलखामा भएको हो। जेठो दाजु ध्यानबहादुर चतरामा बस्छन्।साइलो दोलखा सदरमुकाम जिरी नगरपालिकामा शिक्षक पेसा गरेर बस्छन् र माइलो स्वगिय भएको बताउँछन् । उनले स्कुलको अध्यन जिरी नगरपालिकाबाट पूरा गरे साथै २०३६ सालमा एस एलसी पनि त्यही स्कुलबाट उत्रिर्ण गरे र धरानको महेन्द्र क्याम्पसबाट दिप्लोमां पूरा गरे।

उनी २०४० सालमा धरान धनकुटा वस्तेनको बुकिङ मजदुर भए। उनको सहभागीता बढीमात्रामा मजदुर आन्दोलनमा सहभागी हुने गर्थे । उनले भुमि तहबाट केन्द्रिय तहसम्मको जिम्मेवारी प्राप्त गरेका थिए । २०४५ सालमा नेपाल यातायात स्वतन्त्र मजदुर संठनको केन्द्रीय सदस्य भएका छन् ।

लगते सुनसरीको सगंठनलाइ ब्याबस्था बनाउने सिलसिलामा जिल्ला अध्यक्ष भए। पछि अञ्चल कमिटीको अध्यक्ष भए लगते केन्द्रिय कमिटीको सहसचिव भए साथै उपाध्यक्ष पनि भए। उनले २०४४ सालमा धरानकी राधिका राइसग बिबाह गरे र एउटा छोरी छिन। छोरी अहिले बि पि कोइराला प्रतिष्ठानमा नर्सिंगको जागीर गरिरहेकि सुनुवार बताउँछन् ।

मजदुर आन्दोलनमा बढी सहभागी हुने क्रममा पेपर मिदिया चाहिने महसुस भयो ।त्यस कारण भिमज्वाला र केशब घिमिरेसंग मिलेर २०६२ सालमा औजार पत्रिका साप्ताहिक रूपमा प्रारम्भ गरेका थिए । औजार प्रत्रिकालाइ सबैले रुचाएकाले डेढ बर्ष लगातार दैनिक रूपमा प्रारम्भ गराए । १५ बर्ष पछि २०७६ बैशाख १ गते औजार प्रत्रिकालाइ रगिन बनाए ।हाल लकडाउनले गर्दा स्थाकित रहेको सुनुवारले बताए । हाल औजार न्युज ड्त कम तिभी सहित प्रारम्भ भैरहेको छ। सषदको फताइ कर्मचारीले गरेको भ्रष्टाचारको कुरालाई जनता सामु पुरयाउने उदेश्य रहेको सुनुवारले बताए ।

उनको सहयोगी साथीहरु २५० छन । उनले सबैलाई सामान्न आदर गद्छन किन भने उनिहरुने पनि ५ सय देखि तल लगानी लगाएका छन् । पत्रिकालाई अगाडि लग्ने ज्वाला सम्पादक हुन्। धरानमा सबै भन्दा पहिले चतरालाइन पत्रिका रहेको त्यसमा र त्यो बेला काग्रेस पार्टि मात्र पत्रिका बन्थायो । त्यस पछि बिजयपुर साप्ताहिक पत्रिका थियो ।अहिले धरानमा कोसिपत्र पत्रिका सन्चालन भइरहेको छ। दिब्य रोसनी नयाँ सन्चार धरान एफएम रेडियो बिजयपुर एफएम गणतन्त्र एफएम रहेका छन् ।

टेलिभिजन नभएको र उज्यालो अन्लाईन टेलिभिजन हाम्रो औजार ड्ट कम अन्लाईन चलिरहेको छ । सुनसरी बिकास अर्ध गतिमा पिछाडि सरेको छ । कोबिडले गर्दा राज्य पनि त्रसित भएका बेला सबै भन्दा जोखिम मिदियाकर्मीहरुलाइ पारेको र चलिरहेको पत्रिकाहरु बन्द भएको छ । पत्रिका र राजनितीसग जोडिएको कुरा एक अकाको परिपुरर्क छन् ।जब स्वच्छ राम्रो राजनीति जनताको पक्ष्यमो देशको पक्ष्ये राजनीति भएका कुराहरु समाज माझामा पुराउने काम मिदिया कर्मी हरुले गर्छन्। । राजतन्त्र फर्ने बहुदलीय ब्याबस्थाब न्याउने निरग्कुस राजतन्त्र हताउने जलतासामु जालकारी पुराएका थिए ।

। सहि समयमा समाचार ननिस्क्ने गर्दा पत्रकाररिता छेत्रमा मानिसह्रुको बिस्वास कम हुदै गएको छ।

धरानमा चल्दै गरेको मिदियाहरु लोप हुँदै गैरहेको र पत्रकारहरु बिस्थापित भैरहेको छ। स्थलगत ठाँउको सम्सामि्यक घतेको घटनाहरुको अनुसन्धानको लागी मोतर साइकलमा जानुपर्ने क्यामेरा लिएर तर मिडियाकर्मी सङ यस्ता साधनको अभावयस्को समाधानको लागि राज्यले नितिनियम बनाउनु पर्ने हुन्छ। पत्रकार बर्नका लागि बिस्वासिलो जिम्मेवारी हुनुपर्छ ।२०४६ सालको बहुदलीय ब्याबस्थामा निरग्कुस सत्तामा पत्रकारहरु जन्मिएका छन् ।त्यस भन्दा पछि पत्रकार जन्मिएको छैन । उनले ५८ बर्षको उमेरमा गीत गाएका छन् ।

बेलकालाई खाद्यन्न सामग्री बितरण

❖ मुलुकी संवाद्दाता

उदयपुर,असार ३०

उदयपुर जिल्लाको बेलका नगरपालिकामा संचालित महिला सुरक्षा आवास लाई सामाजिक बिकास मन्त्रालयको सहयोग र ओरेक नेपालको आयोजनामा विभिन्न उपकरण तथा खाध्यान्न सामाग्री हस्तान्तरण गरेको छ।

बितरण गरिएको सामाग्रीमा ल्यापटप , पृन्ट्र , इन्भटर, बेड, सिरक , डसना, चिनी दाल लगायतका सामाग्री रहेका छन।स्थापना काल देखिनै हिंसामा परेका महिलालाई न्याय दिलाउन तथा आत्मनिर्भर बनाउन सक्रिय रहेको महिला सुरक्षा आवासले हाल सम्म ८० जना हिंसा पिडित महिलालाई उद्दार गरेको बेलका नगरपालिका मनो सामाजिक कार्यकर्ता जानुका दंगालले बताइन।लामो समय देखि महिलाको क्षेत्रमा सक्रिय रहेर काम गर्दै आएको ओरेक नेपाललाई धन्यवाद दिदै बेलका नगर उप प्रमुख राजकुमारी चौधरीले हिंसामा परेका महिलाको उद्दार गरि उनिहरुको जिबिको पार्जन सहज बनाउनको लागि बेलका नगरपालिकाले आवस्यक तालिम प्रदान गरि उधमी बन्न समेत प्रोत्साहन गर्ने गरेको बताइन।

ओरेक नेपालले बेलका नगरपालिकामा हिंसामा परेका महिलाको उद्दारको क्षोत्रमा खेलेको भुमिकाले आफू खुशी रहेको बेलका नगरपालिका नगर प्रमुख दुर्गा कुमार थापाले खुशी ब्यक्त गरेका छन।
बेलका नगरपालिकाले आगामी दिनमा महिला सुरक्षा आवासलाई थप ब्याबस्थित बनाई अगाडि बढाउने प्रतिबद्धता समेत ब्याक्त गरेका छन।

सस्तोमा गिफ्टका सामान र गुडीया

खुवालुङ गुडीया सप्लार्यस

त्रियुगा नगरपालिका ११ गाईघाट, असारी रोड । प्रोपाईटर : एनुका राई *सम्पर्क :- ९८१५७७१०५२*

यहाँ बिभिन्न किसिमका गुडीया तथा उपहारका सामग्री (गिफ्ट) सुपथ मूल्यमा पाईन्छ। साथै गुडीया बनाउने तालिम, प्रशिक्षण पनि दिइन्छ ।

त्रिनपा - १० बोक्से यलम्बर टोल । यहाँ सम्पूर्ण किसिमका किराना तथा दैनिक उपभोग्य खाद्यान्न समाग्रीहरु सुपथ मूल्यमा पाईन्छ । साथै राँगा,बंगुर र ब्रोईलर कुखुराको मासु पनि उपलब्ध छ । प्रो. जिना राई ,सम्पर्क नं. ९८४२८५५५४७/९८०५९६०९२२

एस एण्ड एस सप्लायर्स

होटल रोदुङ सेकुवा कर्नर & लज
गाईघाट
रोदुङ सेकुवा कर्नर
यहाँ खाजा नास्ता पाइन्छ ।

प्रोपाईटर - **अगम चामलिङ राई, ९८०७७६४३४३**
गाईघाट, उदयपुरको सबै भन्दा पुरानो सेकुवा कर्नर। स्थान- गाईघाट मेनचोक, एनएमबी बैङ्क बिशालबजार अगाडी । यहाँ खाने,बस्ने

सगरमाथा

डिपाटमेन्ट स्टोर

गाईघाट,उदयपुर

SAGARMATHA

सब घरायसी दैनिक उपभोग्य सामानहरु, लुगा कपडाहरु, विद्युतीय सामान्हरु गाईघाटमा एकै ठाउमा पाईने सगरमाथा डिपाटमेन्ट स्टोर, गाईघाट लोकतान्त्रिक पिपलचोक, उदयपुर

प्रोपाइटर - **किरण चामलिङ राई**

बिके किराना पसल

३३ वर्ष अघि २०४५ साल मंसिर १ गतेदेखि
ग्राहकहरुको सेवामा समर्षित ।

गुणस्तरीय सामान सस्तो, सुपथ मुल्यमा आफै सामान छान्न सकिने, डिपाटमेन्ट स्टोस जस्तै सेवा भएको , होम डेलिभरी सेवा भएको विगत ३३ वर्ष अघिदेखि गाईघाटको ग्राहकहरुको सेवा बिके किराणा पसल। गाईघाट, असारी रोड लालिगुरास बोडिङ पूर्व मन्दिर संगै, उदयपुर ।

प्रोपाइटर - **भरत चामलिङ राई**

नेपालटारमा सहकारीको भवन

❖ मुलुकी संवाद्दाता

उदयपुरगढी,असार३०

उदयपुरको उदयपुरगढी गाउँपालिका ६ नेपालटारमा रहेको पौवा लघु उद्यमी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको कार्यालय भवन उद्घाटन गरिएको छ। सहकारी संस्थाको कार्यालय भवन बुधबार एक कार्यक्रमबीच उदयपुरगढी गाउँपालिकाकी उपाध्यक्ष सानुकुमारी राउतले उद्घाटन गरेकी हुन्।

भवन उद्घाटन कार्याक्रम बोल्दै प्रमुख अतिथि उपाध्यक्ष सानुकुमारी राउतले पौवा लघु उद्यमी बचत तथा ऋण सहकारी संस्था लिमिटेडलाई भवन बनाउन सफल भएकोमा धन्यवाद दिएकी थिइन्। 'उदयपुरगढीमा रहेका सहकारीमध्ये उत्कृष्ट सहकारीमा पर्दछ,' उनले भनिन्।

उद्घाटन कार्यक्रममा बुद्धिजीवि बोधकुमार घिमिरलेले पौवा लघुउद्यमी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले आर्थिक सम्बृद्धिको लागि स्थानीय स्तरमा सानो भएपनि टेवा पुर्‍याउन सफल भएको बताएका छन्। 'स्थानीय स्तरमा बचत गराउने संस्कारको विकास गरेको छ, सर्वसाधरणलाई स्वरोजगार बनाउन विभिन्न सिपमुलक तालिम सञ्चालन गर्दै आएको छ, किसानहरुको लागि मलखाद विरतण गर्दै आएको छ,' उनले भने, 'जसको कारण आर्थिक सम्बृद्धिको लागि सानो भएपनि सहयोग पुगेको छ, भोलिका दिनमा अझ प्रगतिको बाटो सहकारी लम्बदै अघि बढ्नुपर्छ, शुभकामना छ!'

पौवा लघु उद्यमी बचत तथा ऋण सहकारी संस्था लिमिटेडका अध्यक्ष अम्बरबहादुर कार्कीका अनुसार झण्डै २६ लाख २८ हजार चासयसय ९६ रुपैँयाको लागतमा निर्माण भएको कार्यलय भवन उद्घाटनपछि सञ्चालनमा आएको छ। अध्यक्ष कार्कीका अनुसार भवन निर्माणको लागि उदयपुरगढी गाउँपालिकाबाट अनुदान स्वरुप १० लाख, शेयर सदस्यबाट ७८ हजार पाँसय २, चन्दादाताबाट एकलाख २९ हजार पाँचसय ९० रुपैयाँ सहयोग जुटेको थियो।

गाउँपालिकाको अनुदान, शेयर सदस्य र चन्दादाताको सहयोगमा सहकारीको कार्यालय भवन बनेको हो,' उनले भने, 'अबका दिनमा सहकारीको आफ्नै भवन बनेको छ।'

कार्कीका अनुसार उक्त सहकारीमा ६ सयभन्दा बढी सदस्य आवद्ध रहेका छन्। वार्षिक रुपमा चालु आर्थिक वर्ष २०७७/०७८ मा साँढे ६ करोडबढीको कारोबार गरेको छ।अध्यक्ष कार्की थप्छन्, 'सहकारीमा बचत गर्ने, ऋण प्रवह गर्ने, उद्यमीहरुलाई तालिम दिने, बेरोजगारीहरुलाई स्वरोजगरी बनाउने, किसानहरुको लागि मल खद्य वितरण गर्ने लगायतका काम गर्दै आइरहेको छ।

उदयपुरमा थप २० जनामा संक्रमण पुष्टि

❖ मुलुकी संवाद्दाता

गाईघाट,असार३०

उदयपुरमा थप २० जनामा संक्रमण पुष्टि संगै संक्रमितको संख्या २,६२२ पुग्योउदयपुरमा आज (वुधबार) थप २० जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ।

जिल्ला स्वास्थ्य कार्यालय उदयपुरका अनुसार ११ पुरुष र ९ महिलामा संक्रमण देखिएसँगै जिल्लामा संक्रमितको संख्या २ हजार ६२२ जना पुगेको हो।स्वास्थ्य कार्यालयका अनुसार आज थपिएका संक्रमिहरु चौदण्डीगढी, त्रियुगा र बेलका नगरपालिकाका रहेका छन्। चौदण्डीगढीमा ५ पुरुष र ४ महिला गरी ९ जना, त्रियुगामा ४ पुरुष र ३ महिला गरी ७ जनामा संक्रण देखिएको छ, भने बेलकामा २ पुरुष र २ महिला गरी ४ जना संक्रमित भएका छ।जिल्लामा कोरोना संक्रमण मुक्त हुनेको संख्या १ हजार २४९ पुरुष र १ हजार ६७ महिला गरी २ हजार ३१६ जना रहेको स्वास्थ्य कार्यालयको तथ्याङकमा उल्लेख छ। हालसम्म जिल्लामा सक्रिय संक्रमितको संख्या १३३ पुरुष र १२३ महिला गरी २५६ जना रहेका छन्। कोरोनाबाट ज्यान गुमाउनेको संख्या जिल्लामा ३४ पुरुष र१६ महिला गरी ५० जना रहेका छन्।

आकर्षक घर बिक्रिमा

उदयपुर जिल्लाको सदरमुकाम गाईघाट बजार, संगमटोल, प्याराडाईज बोडिङ जाने सडकको मुख्य रोडदेखि साठी ६० मिटर भित्र रहेको अढाई तले आकर्षक ब्यापारिक घर बिक्रिमा।
घरको आकर्षणहरु - भुँई तलामा २ वटा सटर, २ वटा कोठा, ट्वाईलेट बाथरुम, भर्याङ, पार्किङ भएको, माथिल्लो तलामा ३ वटा कोठा र कार्यक्रमहल अन्तिम तलामा दुई वटा कोठा र किचेन रुम भएको, बगैचा भएको, आफु बस्नको लागि बनाएको घर सुबिधि सम्पन्न र नयाँ

नारायणी ग्याँस
गाईघाट, डिलर, उदयपुर

बिक्रेता -
अर्जुन तिम्सिना
यहाँ ग्यासको रेगुलेटर, चुलो ग्याँस समन्धी सम्पूर्ण सेवा उपलब्ध छ।

बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्टि मिडिया हाउसको पुर्वपटी रहेको मन्दिर को पुलको दक्षिण।

मुलुकी दैनिक पत्रिकामा बिज्ञापन प्रकाशन गर्नुपरेमा, पत्रिकाको बार्षिक, मासिक ग्राहक बन्नुपरेमा, मासिक शुल्क बुझाउनुपरेमा।

यबस्थापक – ९८४२९८५१८८, ९८०३७२७८८०

प्रियंका फैन्सी पसल गाईघाट, मेनचोक

यहाँ सुपथ मुल्यमा कुर्था, सुरुवाल, सर्ट, फेट भेस्ट, बच्चाको कपडा सेट, विभिन डिजाइनमा पाइन्छ।स्थन - गईघाट, मेनचोकको पूर्वबाँया साइड

माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी दैनिक
प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय- त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः- ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण :लक्ष्मी अफसेटप्रेस, गाईघाट